# Child Care Subsidy

Child Care Subsidy ले अनुमोदित बाल हेरचाहको लागतमा मद्दत गर्दछ। यदि तपाईंलाई यो उपलब्ध हुन्छ भने, तपाईंले तिर्नुहुने शुल्कहरू घटाउनको लागि हामीले सीधै तपाईंको बाल हेरचाह प्रदायकलाई भुक्तानी गर्नेछौं।

Child Care Subsidy प्राप्त गर्न का लागि तपाईंले निम्न सबै मापदण्डहरु पूरा गर्नुपर्छ:

- माध्यमिक विद्यालय सम्म नपुगेका 13 वर्ष वा सो भन्दा कम उमेरको बच्चाको हेरचाह गर्नुहुन्छ भने (मापदण्डमा छुट लागू नभएसम्म)
- स्वीकृती प्राप्त बाल हेरचाह सेवा प्रयोग गर्नुभएमा
- बाल हेरचाह शुल्क तिर्न जिम्मेवार हुनुभएमा
- आवासीय र खोपको आवश्यकताहरू पूरा गर्नुभएमा।

आवासीय आवश्यकताहरू पूरा गर्न, तपाईं वा तपाईंको जीवन साथी अष्ट्रेलियामा बसिरहेको हुनुपर्छ र निम्न मध्ये एक आधर हुनुपर्छ:

- अष्ट्रेलियाको नागरिकता
- स्थायी निवास प्रबेशाज्ञा
- Special Categoryप्रबेशाज्ञा
- एक निश्चित अस्थायी प्रबेशाज्ञाको प्रकार, उदाहरणका लागि, partner provisional  वा temporary protection प्रबेशाज्ञा ।

यदि निम्न मध्ये कुनै पनि आधर लागू भएमा तपाईले आवासीय आवश्यकताहरू पूरा गर्न सक्नुहुन्छ:

- तपाईं वा तपाईंको जीवन साथी अष्ट्रेलियामा अध्ययन गर्न Australian Government ले प्रायोजित गरेको एक विदेशी विद्यार्थी हुनुभएमा
- तपाईं कठिनाइमा वा विशेष परिस्थितिमा हुनुहुन्छ भने ।

यी मध्ये केही बुँदाहरू विशेष परिस्थितिमा तपाईंलाई लागू नहुन सक्छन्।

## तपाईंले कति Child Care Subsidy पाउन सक्नुहुन्छ

तपाईंले प्राप्त गर्न सक्ने Child Care Subsidy को रकम निम्न सबै आधारमा निर्भर हुन सक्छ:

- तपाईंको पारिवारिक आय
- बाल–हेरचाह सेवामा रहेका बच्चाहरूको संख्या र उमेर
- तपाईंले प्रयोग गर्ने स्वीकृत बाल–हेरचाह सेवाको प्रकार
- तपाईं र तपाईंको जीवनसाथीले गर्ने मान्यता प्राप्त क्रियाकलापहरूको समय र परिवारको अवस्थाअनुसार पाउन योग्य अनुदानयुक्त हेरचाह समय (घण्टा)

## पारिवारिक आय

हामी तपाईंको पारिवारिक आय प्रयोग गरेर तपाईंले पाउन सक्ने Child Care Subsidy  को रकम निर्धारण गर्छौं।

तपाईंले हरेक आर्थिक वर्षमा आफ्नो आयको अनुमान दिन आवश्यक छ। हामी यही अनुमानको आधारमा तपाईंको बाल–हेरचाह सेवामा कति Child Care Subsidy  भुक्तानी गरिने हो, निर्धारण गर्छौं।

यदि तपाईंको आयमा परिवर्तन भयो भने, तपाईंले पाउनसक्ने Child Care Subsidy मा पनि परिवर्तन हुन सक्छ। Child Care Subsidy को सहि रकम पाउनका लागि, तपाईंको आयमा परिवर्तन भएमा आयको अनुमान अद्यावधिक गर्न आवश्यक छ।

यसबारे थप जानकारीका लागि **servicesaustralia.gov.au/incomeccs** मा हेर्न सकिन्छ।

## 5 वर्ष वा सोभन्दा कम उमेरका एकभन्दा बढी बच्चाहरू भएका परिवारहरू

यदि तपाईंको हेरचाहमा रहेका 5 वर्ष वा सोभन्दा कम उमेरका एकभन्दा बढी बच्चाहरू बाल–हेरचाह सेवा प्रयोग गर्दैछन् भने, तपाईंलाई एक वा बढी बच्चाका लागि उच्च दरको Child Care Subsidy प्राप्त हुन सक्छ।

तर,In Home Care मा बच्चालाई घरमै हेरचाह गरिने हुँदा यसका लागि उच्च Child Care Subsidy दर लागू हुँदैन। किनकि In Home Care मा अनुदान परिवारका लागि दिइन्छ, प्रत्येक बच्चाका लागि दिइदैन।

यसबारे थप जानकारीका लागि **servicesaustralia.gov.au/higherccs** मा हेर्न सकिन्छ।

## प्रति घण्टा दर सीमा

तपाईंले प्राप्त गर्न सक्ने Child Care Subsidy को रकम तपाईंले प्रयोग गर्ने बाल–हेरचाह सेवाको प्रकार र बच्चाको उमेरमा निर्भर हुन्छ।

हामी तपाईंको पारिवारिक आयको अनुमानको आधारमा Child Care Subsidy को प्रतिशत निर्धारण गर्छौं। योChild Care Subsidy को प्रतिशत तपाईंको बाल–हेरचाह सेवाले लिने प्रति घण्टा शुल्क वा सरकारद्वारा तोकिएको प्रति घण्टा दर सीमा —दुवै मध्ये जुन कम हुन्छ, त्यसमा लागू हुन्छ। प्रति घण्टा दर सीमा सरकारले तोकेको हुन्छ र हरेक वर्षपुनरावलोकन गरिन्छ।

## अनुदान प्राप्त बाल हेरचाहको समय

Child Care Subsidy पाउन योग्य सबै परिवारले हरेक दुई सातामा कम्तीमा 72 घण्टा अनुदान युक्त बाल हेरचाह पाउन सक्छन्।

यदि तल दिइएका कुनै पनि अवस्थामा पर्नुभएको छ भने, तपाईंले हरेक दुई सातामा 100 घण्टा अनुदान युक्त बाल हेरचाह पाउन सक्नुहुन्छ:

- तपाईं र तपाईंको जीवन साथी ( यदि हुनुहुन्छ भने) दुबैले हरेक दुई सातामा 48 घण्टाभन्दा बढी मान्य गतिविधि गरेको भए
- तपाईंले वैध छूट पाएको भए।

मान्य गतिविधिका प्रकारहरूमा निम्न समावेश हुन सक्छन्:

- पारिश्रमिक को काम – बिदा सहित, जस्तै प्रसूति बिदा
- अध्ययन तथा प्रशिक्षण
- पारिवारिक व्यवसायमा बेतलबी काम
- कामको खोजी गर्दै गर्दा
- स्वयंसेवा
- स्वरोजगार

यदि तपाईंको जीवन साथी हुनुहुन्छ भने बाल हेरचाह सेवा अनुदानका घण्टा निर्धारण गर्दा तपाईं वा तपाईंको जीवन साथी मध्ये जो कोहीको पनि कम मान्य गतिविधि घण्टा प्रयोग गरिनेछ।

तपाईँले Child Care Subsidy को सही रकम प्राप्त गर्न , तपाईँ वा तपाईँको जीवन साथीको अवस्था परिवर्तन भएमा मान्य गतिविधि विवरण जाँच्न र अद्यावधिक गर्न आवश्यक हुन्छ।

यसबारे थप जानकारीका लागि **servicesaustralia.gov.au/hours-subsidised-child-care-for-child-care-subsidy** मा हेर्न सक्नुहुन्छ

## तपाईंको Child Care Subsidy भुक्तानीबाट केही रकम रोक्का गर्ने बारे

अधिक भुक्तानी हुने सम्भावना कम गर्नका लागि, हामी प्रत्येक दुई सातामा तपाईंको Child Care Subsidy को 5% रकम रोक्का गर्नेछौं। तपाईंको परिस्थिति अनुसार हामीले रोक्का गरेको रकम तपाईंले परिवर्तन गर्न सक्नुहुन्छ।

यसबारे थप जानकारीका लागि **servicesaustralia.gov.au/incomeccs** मा हेर्न सकिन्छ।

## तपाईंको Child Care Subsidy भुक्तानी सन्तुलन गर्ने बारे

प्रत्येक आर्थिक वर्षको अन्त्यमा, हामी तपाईंको भुक्तानी सन्तुलन गर्छौं। यसका लागि हामी तपाईंको अनुमानित आम्दानीलाई वास्तविक आम्दानीसँग तुलना गर्छौं। यसले तपाईंले सही मात्रामा अनुदान पाउनुभएको सुनिश्चित गर्छ।

यसका लागि तपाईंले आफ्नो आम्दानी पुष्टि गर्नुपर्छ। यदि तपाईंको जीवनसाथी हुनुहुन्छ भने, उहाको आम्दानी पनि पुष्टि गर्नुपर्छ। यो कर विवरण पेश गरेर वा कर विवरण पेश गर्न आवश्यक छैन भनेर हामीलाई जानकारी गराएर गर्न सकिन्छ।

यदि तपाईंको अनुमानित आम्दानी वास्तविक आम्दानी भन्दा कम भयो भने, तपाईंले बढी अनुदान पाउनुभएको हुन सक्छ, जुन तपाईंले फिर्ता गर्नुपर्ने हुन्छ। हामीले तपाईंको रोक्का गरेको Child Care Subsidy प्रयोग गरेर तपाईंले फिर्ता गर्नुपर्ने रकम घटाउनेछौं।

यदि तपाईंको अनुमानित आम्दानी वास्तविक आम्दानी भन्दा बढी भयो र तपाईंले पर्याप्त Child Care Subsidy पाउनुभएन भने, हामी बाँकी रकम तपाईंलाई सीधै भुक्तानी गर्नेछौं। यसमा हामीले रोक्का गरेको Child Care Subsidy पनि समावेश हुनेछ।

Child Care Subsidy सन्तुलन बारे अंग्रेजी तथा अन्य भाषामा थप जानकारीका लागि: **servicesaustralia.gov.au/ccsbalancing** हेर्नुहोस्।

## Additional Child Care Subsidy

Additional Child Care Subsidy ले केही परिवारहरूलाई उनीहरूको बालबालिका हेरचाह शुल्कमाथप मद्दत प्रदान गर्दछ। तपाईंले पहिले नै Child Care Subsidy पाएको हुनुपर्छ, त्यसपछि मात्र Additional Child Care Subsidy पाउन सकिन्छ। यसका विभिन्न प्रकार छन् जसका लागि तपाईं आवेदन दिन सक्नुहुन्छ:

- Additional Child Care Subsidy (grandparent) आफ्नो नाति नातिनी वा पनाति पनातिनीको मुख्य हेरचाहकर्ता भएर प्राथमिक हेरचाह गर्ने हजुरबुबा हजुरआमा वा हजुरबुबा हजुरआमाका बुबाआमाका लागि हो । यो प्राप्त गर्न तपाईंले आय समर्थन भुक्तानी प्राप्त गरेको हुनुपर्छ।
- Additional Child Care Subsidy (temporary financial hardship) तपाईंले आफ्नो नियन्त्रण बाहिरका कारणले अस्थायी आर्थिक कठिनाइ भोग्नुहुन्छ भने यो अनुदानले छोटो समयको सहयोग दिन्छ। यसमा तपाईंले आफ्नो जागिर गुमाउनु, ठूलो विपद् घटनाबाट प्रभावित हुनु वा जीवनसाथी वा बच्चाको मृत्यु अनुभव गर्नु जस्ता अवस्थाहरू समावेश हुन सक्छ।
- Additional Child Care Subsidy (transition to work) यदि तपाईं आय समर्थन भुक्तानी छोडेर काम, अध्ययन वा तालिम सुरु गरेर अगाडि बढ्दै हुनुहुन्छ भने यसले सहयोग दिन्छ।

Additional Child Care Subsidy (child wellbeing) पनि छ जसबारे तपाईं आफ्नो बाल हेरचाह सेवासँग सोध्न सक्नुहुन्छ। यसले कमजोर वा विपन्न परिवार र बालबालिकालाई मद्दत गर्छ। तपाईंको बाल हेरचाह सेवा प्रदायकले तपाईंको तर्फबाट आवेदन दिनुपर्छ।

## कसरी Child Care Subsidy र Additional Child Care Subsidy दाबी गर्ने

अनलाइन आवेदन दिनको लागि तपाईंलाई myGov खाता र Centrelink अनलाइन खाता चाहिन्छ। तपाईंको myGov खाता अनिवार्य रूपमा Centrelink मा जोडिएको हुनुपर्छ।

यदि तपाईंसँग myGov खाता छैन भने, **my.gov.au** मा जानुहोस् र एउटा सिर्जना गर्नुहोस्।

तपाईंको myGov खाता सेट अप गर्न सहयोगको लागि, **servicesaustralia.gov.au/mygovguides** मा हेर्नुहोस्।

myGov मार्फत आफ्नो Centrelink अनलाइन खाता प्रयोग गरेर Child Care Subsidy दाबी गर्नुहोस्, आफ्नो जानकारी र आवश्यक कुनै पनि सहायक कागजातहरू उपलब्ध गराउनुहोस्।

येदि तपाई ले अनलाईन बाट दाबी गर्न सक्नु भएन भने, **136 150** मा फोन गर्न सक्नुहुन्छ | दाबी गर्न सेवा केन्द्रमा जान आवश्यक छैन।

## कति Child Care Subsidy पाउन सकिन्छ जाँच गर्नुहोस्

तपाईं Child Care Subsidy Calculator प्रयोग गरेर आफ्नो Child Care Subsidy दर कति हुन सक्छ र बाल हेरचाह शुल्कमा कति तिर्नुपर्ने हुन सक्छ भनेर हेर्न सक्नुहुन्छ। यसका लागि **startingblocks.gov.au** मा हेर्नुहोस्।

## थप जानकारीको लागि

- अंग्रेजीमा थप जानकारीका लागि **servicesaustralia.gov.au/childcaresubsidy** मा हेर्नुहोस्।
- आफ्नो भाषामा जानकारी पढ्न, सुन्न वा हेर्न **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोस् ।
- Centrelink भुक्तानी तथा सेवाहरूका बारेमा आफ्नो भाषामा हामीसँग कुरा गर्न **131 202** मा फोन गर्नुहोस्।
- सेवा केन्द्रमा जानुहोस्।

**नोट:** तपाईंको फोनबाट ‘13’ नम्बरहरूमा अस्ट्रेलियाका जुनसुकै स्थानबाट फोन गर्दा एकै दरमा शुल्क लाग्ने छ। त्यो दर स्थानीय कलको मूल्यबाट फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरूबीच पनि फरक हुन सक्छ। तपाईंको घरबाट '1800' नम्बरमा टेलिफोन गर्न शुल्क लाग्दैन । सार्वजनिक र मोबाइल फोनबाट गरिने कलहरूका हकमा समय तय गरिएको हुन सक्छ र तिनमा उच्च दरमा शुल्क लाग्न सक्छ।

## दावीविरोध

यस प्रकाशनमा समावेश गरिएका जानकारी भुक्तानी तथा सेवाहरूमा गाइड गर्ने प्रयोजनका लागि मात्र हुन्। यदि तपाई भुक्तानीको लागि आवेदन दिन चाहनुहुन्छ र तपाईको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने निर्णय गर्ने त्यो तपाईको जिम्मेवारी हो।

Australian Government
Services Australia

ENGLISH

# Child Care Subsidy

Child Care Subsidy helps with the cost of approved child care. If you can get it, we will pay it directly to your child care provider to reduce the fees you pay.

To get Child Care Subsidy, you must meet all of the following:

- care for a child aged 13 or younger who is not in secondary school, unless you have an exemption
- use an approved child care service
- be the person responsible for paying the child care fees
- meet residence and immunisation rules.

To meet the residence rules, you or your partner must be living in Australia and have one of the following:

- Australian citizenship
- a permanent residence visa
- a Special Category visa
- a certain temporary visa type, for example, a partner provisional or temporary protection visa.

You may also meet the residence rules if any of the below apply:

- you or your partner are an overseas student, sponsored by the Australian Government to study in Australia
- you are in hardship or special circumstances apply.

Some of these points may not apply to you in certain situations.

## How much Child Care Subsidy you can get

The amount of Child Care Subsidy you can get depends on all of the below:

- your family's income
- the age and number of children in your care using child care
- the type of approved child care you use
- the hours of subsidised care you are eligible for based on your family's circumstances and recognised participation you and your partner do.

## Family income

We will use your family income to work out the amount of Child Care Subsidy you can get.

You need to give us an income estimate each financial year. We use this estimate to calculate how much Child Care Subsidy to pay your child care service.

The amount of Child Care Subsidy you can get may change if your income changes. To make sure you get the right amount of Child Care Subsidy, you need to update your estimate if your income changes.

You can find out more about this at **servicesaustralia.gov.au/incomeccs**

## Families with more than one child aged 5 or under

If you have more than one child aged 5 or under in your care using child care, you may get a higher rate of Child Care Subsidy for one or more of your children.

The higher Child Care Subsidy rate does not apply to In Home Care sessions of care, where the child is being cared for in their home. This is because In Home Care is subsidised for the family, rather than for each child.

You can find out more about this at **servicesaustralia.gov.au/higherccs**

## Hourly rate cap

The amount of Child Care Subsidy you can get will depend on the type of approved child care you use and the age of your child.

We work out your Child Care Subsidy percentage using your family income estimate. Your Child Care Subsidy percentage will apply to either the hourly fee you are charged by your child care service or the hourly rate cap, whichever is lower. The hourly rate cap is a rate set by the government and reviewed each year.

## Hours of subsidised child care

All families eligible for Child Care Subsidy can get at least 72 hours of subsidised child care each fortnight.

You can get 100 hours of subsidised child care each fortnight if either of the following apply:

- you and your partner (if you have one) each do more than 48 hours of recognised participation every fortnight
- you have a valid exemption.

Recognised participation types can include:

- paid work – including leave, like maternity leave
- study and training
- unpaid work in family business
- looking for work
- volunteering
- self-employment.

If you have a partner, we'll use the lower of your or your partner's recognised participation to work out your hours of subsidised child care.

To make sure you get the right amount of Child Care Subsidy, you need to check and update your recognised participation if your or your partner's situation changes.

You can find out more about this at **servicesaustralia.gov.au/hours-subsidised-child-care-for-child-care-subsidy**

## Holding back part of your Child Care Subsidy payment

To help reduce the chance of an overpayment, we will withhold 5% of your Child Care Subsidy each fortnight. You can change the amount we withhold to suit your circumstances.

You can find out more about this at **servicesaustralia.gov.au/incomeccs**

## Balancing your Child Care Subsidy payment

At the end of each financial year, we balance your payments. We do this by comparing your income estimate to your actual income. This will make sure you got the correct amount of subsidy.

You need to confirm your income for us to do this. If you had a partner, their income must also be confirmed. This can be done by lodging tax returns or by you telling us tax returns don't need to be lodged.

If your income estimate is lower than your actual income, we may have paid you too much subsidy which you will need to pay back. We will use the Child Care Subsidy we withheld to reduce the amount you have to pay back.

If your income estimate is higher than your actual income and you did not get enough Child Care Subsidy, we will pay any outstanding amount directly to you. This will include the Child Care Subsidy we withheld.

For more information about Child Care Subsidy balancing in English and other languages, go to **servicesaustralia.gov.au/ccsbalancing**

## Additional Child Care Subsidy

Additional Child Care Subsidy gives extra help to some families with their child care fees. You must already get Child Care Subsidy to be able to get Additional Child Care Subsidy. There are different types you can apply for:

- Additional Child Care Subsidy (grandparent). This is for a grandparent, or great grandparent with primary care of your grandchild or great grandchild. To get it, you must get an income support payment.
- Additional Child Care Subsidy (temporary financial hardship). This gives short-term help if you are in temporary financial hardship due to things you cannot control. This can include if you have lost your job, been affected by a major disaster event or experience the death of a partner or child.
- Additional Child Care Subsidy (transition to work). This helps if you are moving from an income support payment by starting work, study or training.

There is also Additional Child Care Subsidy (child wellbeing) which you can ask your child care service about. This helps vulnerable or disadvantaged families and children. Your child care service will need to apply for you.

## How to claim Child Care Subsidy and Additional Child Care Subsidy

To make a claim online, you need a myGov account and a Centrelink online account. Your myGov account must be linked to Centrelink.

If you do not have a myGov account, go to **my.gov.au** to create one.

For help setting up your myGov account, go to **servicesaustralia.gov.au/mygovguides**

Use your Centrelink online account through myGov to claim Child Care Subsidy, provide your information and any supporting documents.

If you cannot claim online, call us on **136 150**. You do not need to go to a service centre to make a claim.

## Check how much Child Care Subsidy you can get

You can use the Child Care Subsidy Calculator to see what your Child Care Subsidy rates may be and how much you may pay for child care. Go to **startingblocks.gov.au**

## For more information

- Go to **servicesaustralia.gov.au/childcaresubsidy** for more information in English.
- Go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language.
- Call **131 202** to speak with us in your language about Centrelink payments and services.
- Visit a service centre.

**Note**: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It’s your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.